**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**
- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्त्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रूपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस ०४ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 20 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६❖ अङ्क ११०

# किर्ते गरी पत्नीलाई कान्छीआमा बनाएको मुद्दामा बुधवार थुनछेक बहस

प्रस, परवानीपुर, ३ पुस⁄

पर्सा जिल्लाको एक चर्चित किर्ते मुद्दाको मङ्सिर ४ गते बुधवार थुनछेक बहस हुने भएको छ ।

जिल्ला प्रहरी कार्यालय, पर्सामा दर्ता भएको किर्ते मुद्दाको मिसिल सरकारी वकीलको कार्यालय (जिल्ला न्यायाधिवक्ताको कार्यालय) पर्सामा गइसकेकोले पर्सा जिल्ला अदालतमा भोलि बुधवार थुनछेक बहस हुनेछ । पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाका अनुसार मुद्दाको सिलसिलामा प्रहरीको अनुसन्धानमा दुईजनालाई पक्राउ गरिएको र थप आवश्यक कारबाहीको लागि मिसिल सरकारी वकीलको कार्यालयमा पठाइएको जानकारी गराए ।

घटना भने पर्सा, बहुदरमाई नगरपालिका–२ सिसियाडीमा किर्ते गरी आफ्नै पत्नीलाई कान्छीआमा बनाइ बुबाको निवृत्तभरणको रकम कुम्ल्याएको हो । बुबा विनोदप्रसाद यादवको निधनपश्चात् निजका जेठा छोरा विकासप्रसाद यादवले पत्नी सङ्गीता देवीलाई कान्छीआमा गीतादेवी यादवको नाममा किर्ते कागजात खडा गरी नागरिकता बनाइ विगत पाँच वर्षदेखि निवृत्तिभरणको रकम बुझ्दै आएका थिए । हालसम्म उनले करीब २० लाख रकम बुझेको बताइएको छ ।

यस कार्यमा बहुदरमाई नगरपालिका वडा नं २ का अध्यक्ष जीतेन्द्र पटेलले नागरिकता सिफारिश तथा विवाहदर्ता बनाउन गैरकानूनीरूपमा सिफारिश गरेकाले उनको पनि संलग्नता देखिएको छ । किर्ते मुद्दामा स्व विनोदका जेठा छोरा विकास र निजकी पत्नी सङ्गीतालाई पर्सा प्रहरीले केही साताअघि मात्रै अनुसन्धानको क्रममा पक्राउ गरिसकेको छ भने किर्ते कार्यमा सहयोग गरेका



वडाध्यक्ष जीतेन्द्र पटेल

वडाध्यक्ष पटेल फरार छन् । गत मङ्सिर १२ गते पर्सा जिल्ला अदालतबाट वडाध्यक्षसहित तीनैजनाको नाममा पक्राउ पुर्जी जारी भएको तर हालसम्म वडाध्यक्ष पटेल पक्राउ परेका छैनन् ।

किर्ते मुद्दाका जाहेरीवाला स्व विनोदप्रसाद यादवका कान्छा भाइ प्रमोदप्रसाद यादव हुन् । आफ्नो बुबा र दाइ गाउँघरकै प्रतिष्ठित व्यक्ति भएको तर भतिजो विकासले घृणित कार्यमा संलग्न भएको थाहा पाएपछि गलत कार्यको विरोधमा प्रशासनमा गएको उनले बताए । २०७९ असोज २६ गते किर्ते मुद्दा लिएर प्रमोदले गृह मन्त्रालयमा उजूरी दिएका थिए । गृहको निर्देशनपछि जिल्ला प्रशासन कार्यालय, पर्सामा २०७९ मङ्सिर ९ गते किर्ते मुद्दा दर्ता भयो । त्यसपछि जिल्ला प्रशासन कार्यालय, पर्साले पर्सा प्रहरीलाई पत्राचार गर्‍यो । जिल्ला प्रहरी कार्यालय, पर्साले २०८० मङ्सिर १० गते मुद्दा दर्ता गरी अनुसन्धान अघि बढायो । सोहीअनुरूप तीनजना मुख्य अभियुक्तमध्ये दुईजना पक्राउ परेका छन् भने वडाध्यक्ष पटेल फरार छन् । जिल्ला प्रशासन कार्यालय, पर्सामा उजूरी परेपछि कोष तथा लेखा नियन्त्रकको कार्यालय, पर्साबाट हरेक महीना बुझ्दै आएको निवृत्तिभरणको रकम रोकिएको छ । मुद्दाको किनारा नलागेसम्म निवृत्तिभरणबापतको रकम नदिने कोलेनिकाले जनाएको छ ।

प्रमोदका स्व दाइ विनोदप्रसाद यादव बर्वा विद्यालयका प्रधानाध्यापक हुँदा उनको निधन २०७४ माघ १ गते भएको थियो । सेवारत हुँदा नै बिरामी परेर उनको निधन भएको थियो । उनकी पत्नी मीनादेवीको २०६७ असार ११ गते नै निधन भएको थियो । गाउँलेका अनुसार विनोदको कान्छी पत्नी थिएन । पत्नी पहिले नै मृत्यु भएको हुँदा निवृत्तिभरणबापतको रकमको हकदार कोही थिएन । तर निवृत्तिभरणबापतको रकम हत्याउन किर्ते कागजात खडा गरी जेठा छोरा विकासले पत्नी सङ्गीतालाई बुबाको कान्छी पत्नी गीतादेवी यादव

(बाँकी अन्तिम पातामा)

# प्रहरीले नियन्त्रणमा लिएको माछा गाउँलेले लुटे

सुग्रीव साह, भिस्वा, ३ पुस⁄

नेपाल–भारत खुल्ला सीमाको फाइदा उठाउँदै भारतबाट नेपालतर्फ तस्करी गरेको अवस्थामा नियन्त्रणमा लिएको एक हजार किलो माछा गाउँलेले नियन्त्रणमा लिएका छन् ।



तस्करहरूले साइकलबाट भित्र्याउँदै गरेको अवस्थामा सशस्त्र प्रहरी भिस्वा बन्जारीले नियन्त्रणमा लिएको माछा गाउँलेहरूले सशस्त्र प्रहरीको टोलीलाई प्रतिवाद गर्दै लुटेका थिए ।

प्रहरीले ५० किलोको २० कार्टुन माछा नियन्त्रणमा लिएको थियो । तर गाउँलेले जबरजस्ती माछा लुटेर लगेको बताइएको छ ।

# साना बालबालिकाहरूलाई घाम तपाएर चौरमा परीक्षा

प्रस, सेढवा, ३ पुस⁄

चीसोको कारण पर्साका ग्रामीण


घाम तापेर चौरमा परीक्षा दिँदै विद्यार्थी । तस्वीरः प्रतीक

क्षेत्रमा बालबालिकाहरू घाम तापेर छ महीने अर्धवार्षिक परीक्षा चौरमा दिइरहेका छन् ।

कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूलाई घामको न्यानो प्रदान गर्दै परीक्षा लिएको जगरनाथपुर गापा–३ गढैयास्थित बाबा बैधनाथ आधारभूत विद्यालयका प्रधानाध्यापक बादशाह साहले बताए । उनले विद्यालयको भौतिक संरचना पनि नभएकोले चौरमा घाम तापेर परीक्षा लिनुपरेको बताए ।

पर्साको ग्रामीणा क्षेत्रका पालिकाहरूमध्ये ठोरी, पटेर्वासुगौली, सखुवाप्रसौनी गापा र पर्सागढी नपाका सामुदायिक विद्यालयहरूमा अर्धवार्षिक परीक्षा मङ्सिर २८ गते नै समाप्त भइसकेको छ भने जीराभवानी, जगरनाथपुर, धोबिनी, पकहामैनपुर र छिपहरमाई गापामा आज सकिएको छ । भौतिक संरचना भएका विद्यालयहरूले कक्षा कोठामैं राखेर अर्धवार्षिक परीक्षा लिएका र भौतिक संरचना नभएका विद्यालयहरूले चौरमा घाम तपाएर बालबालिकाहरूको परीक्षा लिएका थिए ।

# चल्ला बरामद, तस्कर छाडिए

प्रस, वीरगंज, ३ पुस⁄

सशस्त्र प्रहरी १३ नम्बर गणबाट गएको टोलीले वीरगंज महानगर–३१ रामवन टेडाबाट गएराति चल्ला बरामद गरेको घटना अहिले विवादित बनेको छ ।

सूचनाको आधारमा सशस्त्र प्रहरी वीरगंजको टोलीले मङ्गलवार बिहान दुई बजे लुकाएर राखिएको अवस्थामा करीब रु पाँच लाख बराबरको चल्ला बरामद गरेको थियो । सोही चल्लालाई आज नष्टसमेत गरिएको छ ।

स्रोतले सात हजार चल्ला बरामद गरेको सशस्त्र प्रहरीले चल्ला ओसारपोसारमा प्रयोग भएको सवारीसाधन र संलग्न व्यक्तिलाई रकम बुझेर छाडेको आरोप छ ।

चल्ला तस्करी भइरहेकोबारेमा पर्सा प्रहरीलाई एक हप्तादेखि सूचना गरिएको तर प्रहरीले चल्लाको कारोबारमा चासो नदेखाएपछि यो सूचना सशस्त्र प्रहरीलाई सुराकीले दिएको थियो ।

सशस्त्र प्रहरीले आज बिहान छापामारी गर्दा सातवटा मोटरसाइकल र सोमा सवार सातजनालाई पक्राउ गरेको थियो । उनीहरूलाई सशस्त्र प्रहरी अलौं बेस क्याम्पका इन्चार्ज सशस्त्र प्रहरी उपरीक्षक प्रदीप थापाको निर्देशनमा छाडिएको स्रोतले जनाएको छ ।

घटनाबारे सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्यसँग बुझ्दा उनले मातहतकाले धोखा दिइरहेको गुनासो पोखे । उनले जिल्लामा हुने घटनाबारेमा आफूलाई जानकारी नगराउने गरिएको तर लामो प्रयासपछि सात हजार चल्ला बरामद भएको बताए ।

# नाबालिक युवतीको उद्धार

नितेश कर्ण, वीरगंज, ३ पुस⁄

मानव बेचबिखन नियन्त्रण एकाइ इलाका मुख्यालय बेतियाको रक्सौलस्थित


तस्वीरः प्रतीक

कार्यालयले एकजना भारतीय नाबालिकाको उद्धार गर्नुका साथै एकजनालाई पक्राउ गरेको छ ।

नेपाल–भारत मैत्रीपुलमा १३ वर्षीया किशोरी पुष्पादेवीलाई उद्धार गरिएको मानव बेचबिखन नियन्त्रण एकाइ इलाका मुख्यालय बेतियाको रक्सौलस्थित कार्यालयले नाबालिकालाई ललाइफकाइ नेपाल ल्याउँदै गरेका युवक इर्शाद खानलाई पक्राउ गरेको छ । प्रयास बाल सहायता केन्द्र, रक्सौलकी आरती कुमारीले नाबालिका पुष्पादेवीलाई काउन्सिलिङ गरेपछि उनी घरबाट रिसाएर निस्केको र रेलमा बसेको तथा सोही रेलमा इर्शाद खानसँग भेट भएको बताइन् ।

इर्शादले पुष्पाका परिवारसँग सम्पर्क गरेर उनलाई घर फर्काउने आश्वासनमा रकम लिएको तर घर नफर्काएपछि परिवारले प्रहरीलाई सोबारेमा जानकारी गराएको थियो । इर्शादले आज नेपाल घर ल्याउने क्रममा उनलाई पक्राउ गरिएको हो । पुष्पालाई भने घरपरिवारको जिम्मा लगाउने प्रहरी निरीक्षक मनोजकुमार शर्माले बताए । उनले अभियुक्त इर्शादसँग सोधपूछ भइरहेको बताए ।

# मङ्गल मावि भिस्वामा पुनः चोरी

सुग्रीव साह, भिस्वा, ३ पुस⁄

छिपहरमाई गाउँपालिका–५ भिस्वास्थित मङ्गल माध्यमिक विद्यालयमा गएराति चोरी भएको छ ।

कम्प्युटर ल्याबमा रहेका १४ थान कम्प्युटर र कार्यालयमा रहेका दुई थान कम्प्युटर, वाइफाईको राउटर, सिसिटिभी सञ्चालनका लागि राखिएको इन्भर्टरको ब्याट्रीलगायतका सामानहरू चोरी भएको विद्यालयका प्रधानाध्यापक दिनेशप्रसाद कुर्मीले बताए । उनले चोरीबारेमा अहिलेसम्म कुनै सुराक फेला नपरेको र प्रहरीले अनुसन्धान गरिरहेको बताए ।

उनले यसअघि छ महीना पहिले पनि विद्यालयमा चोरी भएको र त्यतिखेरको चोरी नसुल्झँदै गएराति फेरि चोरी भएको बताए । आज विद्यालयमा अर्धवार्षिक परीक्षा अन्तर्गत अन्तिम परीक्षा थियो ।

चोरीको घटना सार्वजनिक भएर होहल्ला मच्चिएको र प्रहरी अनुसन्धान शुरू भएकोले आजको अन्तिम परीक्षा स्थगित भएको थियो ।

भिस्वा बजारमा पछिल्लो समयमा चोरीका घटनामा वृद्धि भएको छ । सीमावर्ती क्षेत्रमा रहेका मदिरापसलहरू


मङ्गल माध्यमिक विद्यालयमा । तस्वीरः प्रतीक

बजारमा व्यवस्थापन गरिएपछि अबेर रातिसम्म मदिरापसलहरू सञ्चालनमा रहने गर्नाले बजारमा चोरीका घटनामा वृद्धि भएको स्थानीयको आरोप छ । अहिले केही समयदेखि भिस्वामा तस्करी पनि खुला गरिएको छ । तस्करहरूले सामान ओसारपोसार गर्दा रोक्न नपरोस् भनेर सुरक्षाकर्मीहरूले गस्ती बन्द गरेका छन् । उनीहरू चौकी र बेस क्याम्पमा राति मात्र बस्छन् । चीसो बढेको बहानामा सुरक्षा गस्ती बन्द गरिएपछि सोको फाइदा तस्करहरूले त उठाइरहेकै छन् साथै चोरले पनि फाइदा लिइरहेको स्थानीयको आरोप छ ।

**विचारसार र सूक्तिहरू**

**व्यक्तिगतको हिसाबले हामी एउटा थोपा हौं भने सबै मिल्दा समुद्र बन्छौं ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# उखुको मूल्य

**मङ्सिर महीना बित्यो, सङ्घीय सरकारले उखुको समर्थन मूल्य निर्धारण गरेको छैन। उखुको मूल्य सरकारले नतोकेपछि सर्लाहीका उखु किसानहरूले चिनीमिललाई उखु बिक्री गरेका छैनन्। अन्यत्र केही स्थानमा भने किसानहरू उधारोमा मिललाई उखु बिक्री गरिरहेका छन्। मङ्सिर महीनाभित्रै उखुको समर्थन मूल्य कायम भएमा उखु काट्न शुरू हुने थियो । यसो भएमा उखुको तौल तथा गुणस्तरमा कमी आउने थिएन । यतिबेला खेतीपातीको काम पनि अरू समयभन्दा केही कम हुने हुँदा कृषकलाई ढुक्क साथ उखु क्रसिङमा लाग्न समय मिल्ने थियो । खुटी उखु काटेका खेतहरूमा नयाँ उखु रोप्नका लागि खेत खनजोत गर्न समय लाग्छ । पुनः उखुखेती नगर्ने हो भने गहुँ, तोरी, मसुरोलगायतका बाली लगाउन हतार हुन्छ । त्यसैले साहुकै तजबिजको मूल्यमा वा उधारोमा उखु बेच्न किसान बाध्य भएका छन् । जसको प्रत्यक्ष फाइदा चिनीमिल र बिचौलियाहरूलाई भइरहेको छ। चिनीमिलहरूले पनि किसानका बाध्यताको फाइदा उठाउँदै मूल्य निर्धारण नगरी उखु क्रसिङ शुरू गरेका छन् । चर्को ब्याजमा ऋण लिएर उखुखेतीमा लगानी गरेका किसानहरू सस्तो दरमा बिचौलियाहरूलाई उखु बेच्न बाध्य छन्। बर्सेनि उखुको उचित मूल्य निर्धारण नहुने र समयमा भुक्तानी नपाउनेजस्ता समस्या झेल्दै आएका किसानहरू यस वर्ष पनि मिल र बिचौलियाको चपेटामा पर्ने निश्चित जस्तै भइसकेको छ ।**

**नगदेबाली उखु हरेक वर्ष उधारोबालीको रूपमा रहँदै आएको छ । उधारो पनि अनिश्चित । उधारो उखुको रकम माग गर्दै किसानहरू पटकपटक सङ्घीय राजधानी काठमाडौंसमेत पुगे । आन्दोलनकै क्रममा अस्वस्थ बनेका केही किसानको ज्यान गयो । एकातर्फ किसानले आफ्नो उत्पादनको मूल्य आफैं तोक्न नपाउने, अर्कोतर्फ सरकार र चिनीमिलको आन्तरिक तालमेलले उखुको मूल्य ढिलो निर्धारण गरिने हुँदा किसान जहिले पनि समस्यामा पर्ने गरेको छ। समयमैं उखुको उचित मूल्य निर्धारण नहुने र भुक्तानी झन्झटले गर्दा उखुखेती पछिल्लो समयदेखि क्रमशः घट्दै गएको छ । उखुको अपर्याप्तताले चिनीमिलहरू पनि पूर्णरूपमा सञ्चालनमा आउन नसक्ने अवस्थमा पुगेका छन् । तर पनि उनीहरूलाई खासै समस्या छैन । भारतीय चिनी आयात गरेर केही नेपाली चिनी उद्योगहरूले ब्रान्डिङ गर्दै बिक्री गर्ने गरेका प्रकाशमा आइसकेको छ ।**

**यस वर्ष मूल्य निर्धारणका लागि उखु उत्पादक किसानसँग सरकार र चिनी उद्योगले खासै निष्कर्षमा पुग्ने किसिमले छलफल गरेका छैनन्। केही छलफलहरू केवल औपचारिकता पूरा गर्न र किसानको अडान के छ भन्ने तौलनका लागि गरिएका छन्। उखु उत्पादक किसानको मुख्य प्रतिनिधि संस्था नेपाल उखु उत्पादक महासङ्घले गत वर्ष र यसपालिको चिनीको मूल्यवृद्धिको अनुपातमा उखुको मूल्य निर्धारण गरिनुपर्ने माग गरेको छ । गत वर्ष चिनी प्रतिकिलो ७२ रुपैयाँ थियो । यसपालि सरकारले प्रतिकिलो अधिकतम रु ११५ भनेको छ । चिनीको यही मूल्यवृद्धिको अनुपातमा उखुको मूल्य निर्धारण गर्ने हो भने उखु किसानको आपत्ति देखिंदैन । तर सरकारी प्रतिनिधि त्यो चाहँदैनन् । उनीहरू तत्काल मूल्य निर्धारणमा उत्साही देखिएनन्। यसपालि उखुको मूल्य प्रतिक्विन्टल रु ११ बढाउन सकिने सरकारी प्रतिनिधिहरूको कुरा छ। मूल्य निर्धारण गरिंदा वैज्ञानिक आधार टेकेर गरिनुपर्नेमा त्यस्तो कुनै आधार छैन । कुनै पनि बालीको मूल्य निर्धारण गर्दा किसानले प्रयोग गरेको हलो, कोदालो तथा कृषि उपकरण, मल, बीउबिजनको उपलब्धता, श्रमिकको पारिश्रमिक र राज्यको सहुलियतलाई समेत मूल्याङ्कन गर्नुपर्छ ।**

# बदलिंदो अन्तर्राष्ट्रिय परिवेश

अमेरिका र चीनको विश्वकै उत्पादन एवं सेवा क्षेत्रमा ४० प्रतिशत योगदान रहेको छ । यस कारण दुवै देशबीच आर्थिक सम्बन्धले विश्वभरिका मुलुकहरूका लागि महत्त्व राख्दछ। हुनत वर्तमान अवस्थाको लागि अमेरिका स्वयं पनि जिम्मेवार रहेको विश्लेषकहरूको भनाइ रहेको छ । करीब चार दशक पहिलेदेखि चीनको आर्थिक वृद्धिदरलाई बढावा दिन भूमिका खेल्दै आएको अमेरिकाको अगाडि चीन नै अहिले सबभन्दा ठूलो प्रतिद्वन्द्वीको रूपमा खडा भएको छ। चीन अहिले विश्वव्यापीरूपमैं वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय संस्थाहरूमा पश्चिमा राष्ट्रहरूको प्रभुत्वलाई चुनौती दिन थालेको छ । यस्तो अवस्थामा अमेरिका युक्रेनका साथै गाजामा चलिरहेको युद्धमा ठूलो मात्रामा सैन्य सामग्री पठाइरहेकोले अमेरिकी सैन्य भण्डार घट्दै गएको सन्दर्भमा चीन यो युद्ध लामो समयसम्म चलोस् भन्ने चाहना राख्दछ भन्ने कुरा अमेरिकीहरूले बुझेर नै चीनसँग तनाव कम गर्न चाहेका छन्। तर आसन्न अमेरिकी राष्ट्रपति निर्वाचनका कारण चीनसँग कुनै पनि सम्झौता गर्दा अमेरिकी जनतामा अमेरिकाको हात तल परेको देखाउन चाहँदैनन्। यसका साथै चीनले ताइवानको एकीकरणलाई 'ऐतिहासिक मिशन' भनी घोषणा गरेकोले यसै समय ताइवान पनि युद्धरत हुनुपर्ने स्थिति नआओस् भनेर पनि अमेरिका यस्तो अवस्थामा चीनसँग सम्बन्ध बनाउन अघि सरेको हो ।

वस्तुतः अमेरिका-चीन सम्बन्ध पूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पकै समयदेखि बिग्रन थालेको हो । उनले चीन विश्व व्यापार सङ्गठनमा सामेल हुने र अमेरिकालगायत देशहरूका लागि चिनियाँ बजार खोल्ने प्रतिबद्धताबाट पछि हटेको आरोप लगाउँदै सन् २०१८ देखि चीनबाट आयात हुने वस्तुहरूमाथि कर थप गर्न थाले । यसका साथै चीनमाथि साइबर गुप्तचरीका साथै चीनमा रहेका विदेशी कम्पनीहरूसित उनीहरूको ट्रेड सेक्रेटसमेत मागेको आरोप लगाएको फलस्वरूप चीनले पनि अमेरिकी वस्तुहरूमाथि कर बढाउँदै लग्यो । सन् २०१८ मा ८ प्रतिशत रहेको चीनको आयात कर अहिले बढेर २१ प्रतिशत पुगेको छ भने अमेरिकाको पनि ३ प्रतिशतबाट बढेर १९ प्रतिशत पुगेको छ। कारणहरूले गर्दा सन् २००० देखि २०१९ सम्म सरदर ४.९ प्रतिशतले बढेको अन्तर्राष्ट्रिय व्यापार चालू आवमा ०.९ प्रतिशत र सन् २०२४ मा ३.५ प्रतिशतले बढ्ने अपेक्षा गरिएको छ । यस्तो साझेदार बन्न तयार रहेको भन्दै एउटा मुलुकले अर्को मुलुकलाई प्रमुख प्रतिस्पर्धी र भूराजनीतिक चुनौतीको रूपमा हेर्दा यसबाट गलत नीति, भ्रमपूर्ण कार्य एवं अवाञ्छित परिणाम निम्त्याउँछ भने ।

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**हाल अमेरिकाले लगाएको चीनमाथिको सम्पूर्ण प्रतिबन्ध ट्रम्प प्रशासनले नै लगाएको हो, बाइडेन प्रशासनले निरन्तरता मात्र दिएको हो । अर्कोतर्फ युक्रेन-रूस युद्ध सकिने सङ्केत देखिएको छैन भने इजरायल-फिलिस्तिनीको पनि कमोबेस त्यही अवस्था छ ।**

वास्तवमा भन्ने हो भने बाइडेन प्रशासनमा चीनसँग व्यापारिक सम्बन्ध ट्रम्पकालभन्दा बढी खराब भएको छ किनभने कोभिड महामारीका दौरान चिनियाँ-बन्दीले बिगारेको सप्लाई चेनका कारण बाइडेन प्रशासन चीनमाथिको निर्भरता घटाउँदै एशियाली मुलुकहरूसँग पार्टनरशीप बढाउन चाहन्छ।

यसका साथै अमेरिकाले नयाँ प्रविधियुक्त कम्प्युटर चिप्सको निर्यात र त्यस्ता चिप उत्पादन गर्ने उपकरणको निर्यातमा समेत नियन्त्रण गर्न थालेपछि चीनले यसलाई काउन्टर गर्न चिप्समा प्रयोग हुने गैलियम तथा जर्मेनियम नामका धातु र सोलार सेलको निर्यात गर्न चीन सरकारको अनुमति लिनुपर्ने कानून लागू गरेको छ। युक्रेन र गाजा युद्धका साथै चीनसँग अमेरिकाको बिग्रँदो व्यापारिक सम्बन्धका कारण सम्पूर्ण विश्वकै आर्थिक वृद्धिदर यस वर्ष ३ प्रतिशत र सन् २०२४ मा झन् २.९ प्रतिशत मात्र रहने अनुमान गरिएको छ । चीनको अमेरिकामा हुने निर्यात पनि २०२२ को सेप्टेम्बरको तुलनामा यस वर्षको सोही महीनासम्म २४ प्रतिशतले घटेको छ। अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार यसरी बढेको करले विश्वकै आर्थिक प्रणालीबाट ७.४ ट्रिलियन अमेरिकी डलर घट्न जानेछ। तर यसभन्दा पनि भयावह स्थिति के छ भने सन् २०१९ मा एक हजार नयाँ व्यापार अवरोध खडा भएको थियो भने यो अहिले बढेर तीन हजार पुगेको छ । यिनै अवस्थामा चीन किन समझदारीका लागि तयार भयो भनेर विचार गर्दा कोभिड र अमेरिकासँग व्यापार सम्बन्ध बिग्रेपछि चीनमा घरजग्गा कारोबार बन्दप्रायः नै भएको र युवा बेरोजगारी अत्यन्त तीव्र गतिमा बढ्न थालेको तथा नेपालझैं उपभोक्ताहरू हतोत्साहित रहेका छन् भने वैदेशिक कम्पनीमा सरकारले चलाएको छापामारी एवं बजारको अवस्थाका कारण धेरै अमेरिकी प्रतिष्ठानहरू चीन छोड्न तयार देखिएका छन्। यस कारण पनि चिनियाँ राष्ट्रपतिलाई चीन अहिले पनि राम्रो बजार भएको र यहाँ नाफा कमाउन सकिने सन्देश दिनुपर्ने बाध्यता आइपरेको छ।

यिनै बाध्यताका बीच एशिया-प्रशान्त आर्थिक सहयोगको बैठक चलिरहँदा दुवै देशका राष्ट्रपतिबीच अत्यन्त महत्त्वपूर्ण मानिएको यो भेट र वार्ता सम्पन्न भएको छ। वार्तापछि अमेरिकी राष्ट्रपतिले चीन र अमेरिका सन् २०२२ मा अमेरिकी सभामुख न्यान्सी पावेलको ताइवान भ्रमणपछि चीनले तोडको सैन्य सञ्चार ब्युँताउन दुवै देश सहमत भएका छन् भने दुबईमा सम्पन्न भएको कोप-२८ सम्मेलनमा जनवायु परिवर्तनसम्बन्धी सहयोग थप बलियो बनाउने र घातक औषधि 'फटेनाइल'को उत्पादनमाथि प्रतिबन्ध लगाउन सहमत भएको बताए। अमेरिकी राष्ट्रपतिसँग यो भेट भएको केही घण्टापछि नै सम्मेलनलाई सम्बोधन गर्दै चिनियाँ राष्ट्रपतिले चीन अमेरिकाको यसै सम्मेलनका दौरान उनले जापानका प्रधानमन्त्रीसँग पनि भेट गरी सम्बन्ध सुधारको प्रस्ताव राखेका छन्।

यसैबीच भारतको विधानसभा निर्वाचन परिणामलाई आधार मान्दा संसद्को सन् २४ को चुनावमा भारतीय जनता पार्टी नै विजयी हुने सङ्केत देखिएको छ । उता अमेरिकामा भने २४ कै निर्वाचनमा ट्रम्प पुनः विजयी हुन सक्ने अडकल लगाउन थालिएको छ । यो अवस्थामा चीनसँग अमेरिकाको कस्तो सम्बन्ध निर्माण होला भन्न सकिन्न । किनभने हाल अमेरिकाले लगाएको चीनमाथिको सम्पूर्ण प्रतिबन्ध ट्रम्प प्रशासनले नै लगाएको हो, बाइडेन प्रशासनले निरन्तरता मात्र दिएको हो । अर्कोतर्फ युक्रेन-रूस युद्ध सकिने सङ्केत देखिएको छैन भने इजरायल-फिलिस्तिनीको पनि कमोबेस त्यही अवस्था छ। यी दुवै युद्धलाई निर्णायक बनाउने क्षमता राख्ने देश अमेरिका नै हो। तर बाइडेन चुनावपूर्व त्यस्तो जोखिम मोल लिन तयार देखिंदैनन्। त्यसैले अमेरिकी चुनावको नतीजा र अमेरिका-चीन सम्बन्धका साथै रूस-युक्रेन युद्ध र इजरायल-फिलिस्तिनको लागि समेत सम्पूर्ण विश्वले समाधान हेर्न अमेरिकी चुनाव पर्खनैपर्ने देखिन्छ। साथै बाइडेनको 'पर्ख र हेर'को यो नीतिलाई उनको मूल्याङ्कन गर्न कुन रूपमा लिइन्छ त्यसले भने आगामी अमेरिकी राष्ट्रपतिको निर्वाचन परिणामको निर्णय गर्नेछ।

# प्रतिष्ठानद्वारा रूपान्तरणकारी कार्ययोजना सार्वजनिक

काठमाडौं ३ पुस/रासस

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले कला, सिर्जनाको विकास र प्रवर्द्धनमा पुनर्जागिरण ल्याउनेगरी रूपान्तरणकारी कार्ययोजना अघि बढाएको छ।

देशका सातै प्रदेशमा कलाको विकास गर्नेगरी प्रतिष्ठानले ललितकला क्षेत्रको रणनीतिक योजना सार्वजनिक गरेको हो । प्रतिष्ठानले मङ्गलवार सार्वजनिक गरेको योजना अनुसार प्रदेश र पालिका सरकार तथा सरोकारी सङ्घसंस्थासँगको सहकार्यमा कला, स्थान र प्रतिभालाई प्राथमिकता दिंदै नेपाली राष्ट्रियपनको रैथाने लोक समुदायगत संस्कृति र भौगोलिक-प्राकृतिक पर्यावरणको विषयवस्तुलाई उठाउन खोजेको छ।

प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले प्रतिष्ठानले संस्थागत संरचना सुधार, नीतिगत कार्यक्रम, आर्थिक, प्रशासनिक तहमा दीर्घकालीन महत्त्व राख्ने कार्यक्रम तथा निर्णय गर्न लागेको जानकारी दिए।

त्यसका लागि प्रतिष्ठानले विभिन्न कार्यविधिसमेत तयार गरेको र केही कार्यविधि प्रदेशको थप आधारभूत छलफल तथा तथ्यस्थिति अध्ययनपश्चात् निर्माण गरिने उनले बताए। सार्वजनिक ललितकलाको रूपान्तरणकारी योजना हालै काठमाडौंमा भएको प्रतिष्ठानको प्राज्ञसभाले समेत पारित गरिसकेको छ।

प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले प्रतिष्ठानले कला क्षेत्रको विकास र प्रवर्द्धनका लागि प्रतिष्ठानले तलैदेखि काम शुरू गरेको बताए । उनले महत्त्वाकाङ्क्षी योजना देखिए पनि कार्यान्वयन गर्न सकिने खालका रहेका जानकारी दिंदै प्रतिष्ठानको सीता भवनलाई उच्चस्तरको सङ्ग्रहालय बनाउने योजना अघि सारिएको जानकारी दिए।




तस्वीरः फाइल

यसअघि प्रतिष्ठानले ललितकला क्षेत्रको प्राज्ञिक उन्नयनसँगै मौलिकता संरक्षण गर्ने, रोजगार सिर्जना गर्दै अर्थतन्त्रमा योगदान दिने, राजधानी तथा देशका सातै प्रदेशमा रहेका कलाकार तथा कला संस्थासँग भेटघाट गरी कला क्षेत्रमा गर्नुपर्ने कार्यका बारेमा सुझावसमेत लिएको थियो ।

नेपाली कलामा पुनर्जागरण ल्याउने उद्देश्यले प्रतिष्ठानले यही वर्षदेखि प्रादेशिक प्रदर्शनी शुरू गर्न लागेको छ । यस्तै, नेपाली कला र कलाकारको सर्वेक्षण गर्ने, राष्ट्रिय ललितकला प्रदर्शनी, तीनवटा प्रदेशमा कलाकार सम्मेलन/कार्यशाला/गोष्ठी तथा प्रदर्शनी, केन्द्रका तीनवटै प्रज्ञा-प्रतिष्ठान र प्रदेश/पालिकामा स्थापित प्रतिष्ठान/परिषद्/मिति आदिको काठमाडौंमा भेलालगायत कार्यक्रम गरिने प्रतिष्ठानले जनाएको छ ।

प्रदेश र पालिकामा सांस्कृतिक संरचना निर्माणमा सहजीकरण गर्न पहल गर्ने, बढ्दो तापक्रमले हिमालमा पारिरहेको प्रभावको पक्षमा केन्द्रित रहेर 'हिमालको रहस्य' विषयमा कला प्रदर्शनी गर्ने, संविधान र लोकतन्त्रको मूलभावमा रही गणतन्त्रको प्रतीक/स्तम्भको नमूना (म्याकेट) प्रतियोगिता गर्ने पनि कार्ययोजनामा समेटिएका छन्।

महिला/दलित/जनजाति/पछाडि पारिएका वा सुविधाविहीनलगायत जनसमुदाय आदिको जागरणसम्बन्धी कार्यक्रम, शहीद दिवसको अवसर पारेर कला प्रदर्शनी, सिर्जनावृत्ति प्राप्त गरेका कलाकारका कला प्रदर्शनी, लुम्बिनी प्रदेशको दाङस्थित गढवा गाउँपालिकामा सेरामिक्स हब र बाग्मती प्रदेशको रामेछापस्थित सुनापति गाउँपालिकामा थाङ्का कला हब बनाउने योजना समावेश छ।

अहिले त्यसको सम्भाव्यता अध्ययनको कार्य अन्तिम चरणमा पुगेको छ । सम्भव भएसम्म रेनोभेसन/कन्जर्भेसन प्रशिक्षण, सिन्धुली कमलामाईस्थित कलाघर र पर्वत कुश्मास्थित शताब्दीघरसँग मिलेर कलासम्बन्धी कार्यक्रमसमेत गरिने पनि जनाइएको छ।

किराँत वास्तुकलाको खोज, नेपाली अर्थतन्त्रमा ललितकलाको योगदान, प्राज्ञिक खोज अनुसन्धानसम्बन्धी गोष्ठी, अन्तर्क्रिया/कार्यशाला तथा यसै वर्षदेखि नेपाल ललितककला मेला पनि आयोजना गरिने भएको छ।

परम्परागत ऐतिहासिकस्थल तथा कला सम्पदाको अध्ययन, अनुसन्धान, कला सिर्जना, हस्तकलासम्बन्धी कलात्मक सारङ्गी, टुङ्ना, मुकुन्डो प्रशिक्षण तथा कार्यशाला, सेरामिक्स प्रशिक्षण, मिथिला क्षेत्रमा लोक चित्रकला र हस्तकलासम्बन्धी प्रशिक्षण तथा प्रदर्शनी,

(बाँकी पाँचौं पातामा)


सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# रामजानकी विवाहकै दिन जोडी बाँधिने बढ्दै

महोत्तरी, ३ पुस/रासस

यसपालिको विवाहपञ्चमीकै दिन २१ नयाँ जोडीले विवाह गरेर नयाँ जीवन शुरू गरेका छन् । मधेसको प्राचीन मिथिला क्षेत्रमा विवाहपञ्चमीका दिन सामूहिक विवाह कार्यक्रममा २१ जोडीले विवाह गरेका थिए । यी अधिकांश जोडी मैथिल समुदायका रहेका विवाह समारोह आयोजक परिषद् धनुषाका अध्यक्ष सन्तोषकुमार साह बताउँछन् ।

तस्वीरः फाइल



विवाह फलदायी नहुने परम्परागत मान्यता तोड्दै यसै दिन विवाह गर्ने जोडी बढ्दै गएका हुन् ।

अघि त्रेतायुगमा मिथिलापुत्री सीताले वैवाहिक जीवनमा थुप्रै हण्डर बेहोर्नुपरेको, अग्निपरीक्षा दिनुपरेको र पछि जीवनबाट आजित भएर पृथ्वीमा लीन हुनुपरेको रामायण कथाले मिथिलामा रामसीताको विवाह भएको दिन जोडी बाँधिनुलाई त्यति राम्रो नमान्ने गरिन्थ्यो । तर पछिल्ला वर्षमा यसै दिन जनकपुरधाममा विवाह गर्ने जोडी बढ्दै गएका छन् । यसपालि विवाहपञ्चमीका दिन विश्व हिन्दू परिषद् नेपालले आयोजना गरेको

पछिल्ला केही वर्षयता जानकी मन्दिर परिसरमा विवाहपञ्चमीका दिन विवाह गर्ने मैथिल युवायुवती बढ्नुमा सञ्चार प्रविधिको प्रसार मुख्य कारण रहेको पत्रकार सुजितकुमार झाको ठम्याइ छ । उनले भने, “अघिअघि पनि विवाहपञ्चमीका दिन जनकपुरमा जोडी बाँधिने त हुन्थे तर सबैजसो पर्वते (पहाडी) मूलका हुन्थे तर पछिल्ला केही वर्षयता विभिन्न संस्थाले नै विवाह समारोह आयोजना गर्न थालेपछि भने विवाह गर्ने मैथिल युवायुवती बढ्दै गएका छन् ।”

यद्यपि सीता मिथिलापुत्री भएकी र उनले जीवनमा थुप्रै परीक्षा दिनुपरेको रामायण कथाले मैथिल समाज भने यस दिन छोरीको विवाह गर्न अनिच्छुक देखिने गरेको झा विगत सम्झन्छन् । सामान्यतया दुलहा पक्षभन्दा दुलही पक्ष नै विवाहपञ्चमीका दिन छोरीको विवाहमा अनिच्छुक देखिने मैथिल सोच देखिन्थ्यो । अब मिथिलाका युवायुवतीको शिक्षा, सञ्चार र कामका लागि विभिन्न देशसँगको पहुँच बढेसँगै पुरानो मान्यता खण्डित हुँदै गएर यस दिन विवाह गर्ने बढेका जानकारहरूको अड्कल छ ।

हिन्दू वैदिक परम्परामा आराध्यदेव श्रीराम र देवी सीताको विवाह भएको दिन खास सांस्कृतिक पर्वका रूपमा मनाइने मैथिल परम्परा छ । यसपालि परिषद्ले आयोजना गरेको समारोहमैं २१ जोडीले विवाह गरे । जानकी मन्दिर र रामजानकी विवाहमण्डपमा यसबाहेक विवाह गर्ने जोडी पनि बाक्लै देखिएका मन्दिरका पुजारीहरूको भनाइ छ । यो सामूहिक विवाह परम्पराले विवाह महोत्सवको प्रचारसँगै फजुल खर्च कटौती गराएको जानकी मन्दिरका महन्तका मुख्य उत्तराधिकारी शिष्य रामरोशन दास वैष्णव बताउँछन् ।

यसपालि परिषद्ले आयोजना गरेको सामूहिक विवाह समारोहमा मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्रका महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सर्लाही र मित्रराष्ट्र भारतका केही जोडीसहित २१ जोडी थिए । परिषद्ले सामूहिक विवाहमा सरिक जोडीलाई नयाँ वस्त्र, दुलहीका लागि सिन्दूर, पोते र परिवारजनको खानपान व्यवस्था गरेको थियो । विवाहविधि रामजानकी विवाहमण्डपमा र खानपान जनकपुरस्थित कलवार धर्मशालामा आयोजना गरिएको थियो । यसरी विनादाइजो वरवधूको रोजाइमा सम्पन्न विवाहले मधेसमा बढ्दो फजुल खर्च नियन्त्रण हुने पनि धेरैको भनाइ छ ।

# चितवनमा हात्ती महोत्सव पुस १० देखि

काठमाडौं, ३ पुस/रासस

पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले चितवनमा ‘चितवन पर्यटन तथा हात्ती महोत्सव’ आयोजना हुने भएको छ ।




तस्वीरः रासस

कोभिड–१९ का कारण रोकिएको महोत्सव यही पुस १० देखि १४ गतेसम्म हुने मङ्गलवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

होटल सङ्घ नेपाल (हान) अन्तर्गतको क्षेत्रीय होटल सङ्घ नेपाल चितवनको आयोजना तथा युनाइटेड हात्ती सञ्चालन संरक्षण संस्था र रेष्टुरेन्ट एन्ड बार एशोसिएशनको सहआयोजनामा १७औं संस्करणको महोत्सव हुन लागेको हो ।

यसपटकको महोत्सवमा विगतमा जस्तो हात्ती पोलो, हात्ती दौडजस्ता प्रतियोगिता भने नहुने आयोजकले जनाएको छ । हात्तीको शोषण भएको भनी पशु अधिकारकर्मीले विषय उठाएपछि योपटक हात्तीलाई कष्ट हुने किसिमका प्रतियोगिता नहुने बताइएको हो ।

सङ्घका अनुसार यसपटक हात्ती सुन्दरी प्रतियोगिता, हात्तीका लागि वनभोज, स्वदेशी र विदेशी पर्यटन व्यवसायीसँग बिटुवी सहमति, सांस्कृतिक झाँकीलगायत कार्यक्रमको तालिका रहेको छ ।

पत्रकार सम्मेलनमा सङ्घका अध्यक्ष विनायक शाहले कोभिडपछि लयमा फर्किरहेको मुलुकको पर्यटनलाई थप गतिशील बनाउन महोत्सवले सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले अहिले ३५ लाख पर्यटकलाई सेवा दिने पूर्वाधार बनेको र पर्यटन पूर्वाधारमा खर्बौं लगानी भइसकेकाले ती पूर्वाधारबाट प्रतिफल लिनेगरी रणनीतिक प्रवर्द्धनका कार्यक्रम ल्याउन जरुरी भएको उल्लेख गरे । उनले ‘वाइल्ड लाइफ’ सफारीका लागि उल्लेख्य सङ्ख्यामा विदेशी पर्यटक आउने भएकाले चितवनमा हात्तीसम्बन्धी गतिविधि हुने गरेको भन्दै हात्तीको संरक्षण र अधिकारको विषयमा सजक रहेर गतिविधि सञ्चालन हुने उल्लेख गरे । उनले भने, “वाइल्ड लाइफ टुरिज्मको माग अनुसार बढीभन्दा बढी पर्यटक आकर्षण गर्न हात्तीसम्बन्धी गतिविधि गर्दै आएको हो, हात्तीको महत्त्वले नै चितवनमा धेरै पर्यटक पुग्ने गरेका छन् ।”

नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निमानुरु शेर्पाले पर्वतीय पर्यटन प्रवर्द्धनका लागि नीतिगत सुधार जरुरी भएको उल्लेख गरे ।

नेपाल एशोसिएशन अफ राफ्टिङ एजेन्ट्स (नारा)का अध्यक्ष शिव अधिकारीले पर्यटन प्रवर्द्धनका लागि सरकार र निजी क्षेत्र एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

महोत्सवबाट अन्तर्राष्ट्रियस्तरमैं चितवनसहित मुलुककै पर्यटन प्रवर्द्धन हुने आयोजकको विश्वास छ ।

विश्व सम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्जको माध्यमबाट पर्यटकलाई आकर्षित गराउँदै चितवनको पर्यटन क्षेत्रलाई महत्त्वपूर्ण गन्तव्यस्थलको रूपमा चिनारी गराउनसमेत महोत्सवले टेवा पुग्ने व्यवसायीको बुझाइ छ ।

महोत्सव सकिएलगत्तै क्षेत्रीय होटल सङ्घले नयाँ वर्ष सन् २०२४ को पूर्वसन्ध्यामा पुस १५ गते विशेष सांस्कृतिक कार्यक्रम आयोजना गर्ने तयारी गरिरहेको क्षेत्रीय होटल सङ्घ चितवनका कोषाध्यक्ष माधव दुवाडीले जानकारी दिए ।

चितवन महानगरले सन् २०२४ लाई ‘चितवन भ्रमण वर्ष’का रूपमा घोषणा गरेको छ । हात्ती महोत्सवले सो भ्रमण वर्षको प्रचारप्रसारमा पनि योगदान पुऱ्याउने जनाइएको छ ।

कोषाध्यक्ष दुवाडीका अनुसार सौराहा क्षेत्रमा अहिले पाँच हजार पाहुना व्यवस्थापन गर्ने होटलका शय्या छन् । महोत्सवमा दैनिक करीब २० हजार मानिसको सहभागिता हुने आयोजकको अनुमान छ । महोत्सवका लागि रु एक करोड आठ लाख खर्च हुने जनाइएको छ ।

# ‘एकै व्यक्तिलाई पटक–पटक समावेशिताको अवसर दिनुहुन्न’

काठमाडौं, ३ पुस/रासस

एउटै व्यक्तिलाई पटक–पटक समावेशिताको आरक्षणमा अवसर दिन नहुनेमा जोड दिइएको छ । नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) सङ्घीय समितिद्वारा मङ्गलवार आयोजित अन्तर्क्रियाका वक्ताहरूले आरक्षणमा अवसर दिनुपर्ने बताएका छन् ।

राष्ट्रिय समावेशी आयोगका सदस्य हरिदत्त जोशीले धेरैपटक समावेशिताको प्रयोग गर्दा अवसर पाउनुपर्ने व्यक्ति वञ्चित हुनुपरेको बताए । उनले लोकसेवा आयोगका विज्ञापन, शिक्षक सेवा आयोग, निर्वाचनमा समानुपातिक प्रतिनिधित्व जस्ता क्षेत्रमा एउटै व्यक्ति समावेशिताको अवसरको दुरुपयोग गरेको बताए ।

राष्ट्रिय मुस्लिम आयोगका सदस्य मिर्जा अरशद बेगले मुस्लिम महिलालाई आयोगको सदस्यमा नियुक्ति गर्नुपर्ने बताए । दलित आयोगका सदस्य मेहेल पार्कीले आरक्षण हटाउनु भनेको पिछडिएका वर्गलाई झन् पछि पार्ने खेल भइरहेको बताए ।

टिप्पणीकर्ता सालिक सुवेदीले समावेशितामा खस आर्यले आरक्षणको दुरुपयोग गरेको बताए । प्रतिनिधिसभामा खस आर्य समुदायले आरक्षणको दुरुपयोग गरेको उनले बताए । अर्का टिप्पणीकर्ता जेबी विश्वकर्माले समावेशी आयोगमा तरमारा मध्यम वर्गले अरक्षण लिएर निम्न वर्गको स्थान ओगटेको आरोप लगाए ।

कैलाश राईले कार्यपत्र प्रस्तुत गर्दै अब आउने निर्वाचनमा समतामूलक सामाजिक न्यायको प्रत्याभूतिको यात्रामा एक साझा र आधारभूत राजनीतिक औजाररूपमा बहस हुन जरुरी रहेको बताए ।

# एनसेलको शेयर खरीद–बिक्रीबारे लिखित जवाफ माग

काठमाडौं, ३ पुस/रासस

सर्वोच्च अदालतले एनसेलको शेयर खरीद–बिक्रीविरुद्ध परेको रिट निवेदनमा मङ्गलवार सरकारसँग कारण देखाउ आदेश गरेको छ ।

न्यायाधीश प्रकाशमानसिंह राउतको एकल इजलासले आज अन्तरिम आदेशका लागि दुवै पक्षलाई छलफलमा बोलाएर सरकारसँग कारणसहित १५ दिनभित्र लिखित जवाफ पेश गर्न आदेश गरेको हो ।

“दुवै पक्षलाई राखी छलफल गराउन उपयुक्त भएको देखिंदा सो प्रयोजनार्थ मिति २०८०/०९/१६ को पेसी तोकी पेश गर्नु,” आदेशमा भनिएको छ, “साथै प्रस्तुत रिट निवेदनसँग सम्बन्धित सम्बद्ध निर्णय तथा पत्रहरू विपक्षी एनसेल आजियाटा लिमिटेड र नेपाल दूरसञ्चार प्राधिकरण, जमलको हकमा आफैं वा

तस्वीरः फाइल



आफ्नो कानून व्यवसायीमार्फत र अन्य विपक्षीको हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत अन्तरिम आदेश जारी गर्ने वा नगर्नेसम्बन्धी छलफलको सुनुवाइको क्रममा इजलाससमक्ष अवलोकनार्थ पेश गर्नुहोला ।”

आदेशमा बाटोको म्यादबाहेक अन्तरिम आदेश जारी गर्न नपर्ने आधार र कारणसहित बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ महान्यायाधिवक्तामार्फत पेश गर्न भनिएको छ ।

एनसेलको शेयर खरीद–बिक्री प्रकरणविरुद्ध प्रतिनिधिसभाका सदस्य अमरेशकुमार सिंहले प्रधानमन्त्री तथा

(बाँकी चौथो पातामा)



**बयलगाडामा उखु ढुवानी** : सर्लाहीमा रहेका चिनी उद्योगहरूमा उखु क्रसिङ शुरू भएपछि बयलगाडामा उखु बोकेर चिनी उद्योगतर्फ जाँदै बसबरिया गाउँपालिका धनगढाका उखु किसान । तस्वीरः रासस

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

काठमाडौं, ३ पुस/रासस




धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मङ्गलवार पनि उच्च अङ्कले उकालो लागेको छ । नेप्से परिसूचक दुई हजार एक सय बिन्दुभन्दा माथि पुगेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ४५ दशमलव ९८ बिन्दुले उकालो लागेर दुई हजार १०६ मा पुगेको हो ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक सात दशमलव शून्य पाँच अङ्कले उकालो लागेर ३९७ दशमलव ६९ मा पुगेको छ ।

कुल एक करोड ६४ लाख ५७ हजार १३८ कित्ता शेयर रु पाँच अर्ब ९८ करोड ४६ लाख ९९ हजार १७५ मा खरीद–बिक्री भएको छ ।

नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु ३७ करोड ४३ लाख ४८ हजार २०२ बराबरको शेयर कारोबार भयो । यस्तै, सोल्टी होटलको रु २८ करोड ७३ लाख २४ हजार ३३१, सोनापुर मिनरल्सको रु १६ करोड ७१ लाख ४२ हजार ७५५, हाथवे इन्भेस्टमेन्टको रु १४ करोड २९ लाख ३० हजार ५८८ र घोराही सिमेन्टको रु १३ करोड ३० लाख ८६ हजार ३९८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार आज विभिन्न १० कम्पनीका शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । यस्तै, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम दोस्रो सात दशमलव २६, माथिल्लो मैलुङ खोला जलविद्युत् आयोजना चार दशमलव ९०, प्रभु बैंकको ऋणपत्र तीन दशमलव ८३, सानिमा बैंकको ऋणपत्र तीन दशमलव ७८ र पिपल्स पावरका लगानीकर्ताले तीन दशमलव १९ प्रतिशतले गुमाएका छन् ।

# ‘व्यवस्थित र पारदर्शी तरीकाले काम गर्ने प्रयास गरिरहेका छौं’

काठमाडौं, ३ पुस/रासस

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायालयले व्यवस्थित र पारदर्शी तरीकाले काम गर्ने प्रयास गरिरहेको बताएका छन् ।

न्यायपरिषद्को ३३औं स्थापना दिवसका अवसरमा मङ्गलवार आयोजित कार्यक्रममा उनले संवैधानिक र कानूनी जिम्मेवारी पूरा गर्ने उद्देश्यले नै परिषद् स्थापना गरिएको उल्लेख गरे ।

“न्यायपरिषद् न्यायाधीश नियुक्ति, बर्खास्ती, सरुवा र बढुवा, न्याय प्रशासन सञ्चालन गर्ने उद्देश्यले परिकल्पना गरिएको हो,” प्रधानन्यायाधीश श्रेष्ठले भने, “संवैधानिक र कानूनी जिम्मेवारी पूरा गर्ने काम भइरहेको छ ।” परिषद्को कामप्रति भरोसा गर्न आग्रह गर्दै उनले आएका उजूरीको निष्पक्ष छानबीन गर्ने काम भइरहेको बताए ।

सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश ईश्वरप्रसाद खतिवडाले सुव्यवस्थित न्याय सम्पादन र जनशक्ति व्यवस्थापनका लागि परिषद्ले काम गर्दै आएको उल्लेख गर्दै नेपालको न्यायालयले जिम्मेवार तरीकाले काम गर्ने जिकिर गरे । न्यायालयमा सुधारको गुन्जायस भएको उल्लेख गर्दै उनले भने, “अन्य क्षेत्रमा भ्रष्टाचार भएको होला, त्यसका छिटा यहाँ पनि परेका होलान्, तर न्यायालय अनुशासनमा चलेको छ ।”

महान्यायाधिवक्ता डा दिनमणि पोखरेलले न्यायाधीश नियुक्ति प्रक्रिया, नियुक्त भएका न्यायाधीशले न्यायिक सुधारका लागि गरेका काम र संस्कारको विषयमा समीक्षा गर्नुपर्नेमा जोड दिए । नियुक्ति र काम गरिरहेका न्यायाधीशले न्याय प्रणालीमा प्रभावकारी तरीकाले काम गर्न सकेको वा नसकेको विषयमा अध्ययन गर्नुपर्ने जरुरी भएको उनले उल्लेख गरे ।

नेपाल बार एशोसिएशनका अध्यक्ष गोपालकृष्ण घिमिरले नेपाली जनताको न्यायको पहुँच र परिषद्को क्रियाकलापले उपभोक्तालाई न्याय मिलेको वा नमिलेको विषयमा मूल्याङ्कन गर्नुपर्नेमा जोड दिए ।

“फौजदारी न्याय उदार हुन सकेन भन्ने छ, आर्थिक विषयसँग सम्बन्धित मुद्दामा थुनेर कारबाही गर्ने विषयले धेरै व्यापारी हतोत्साही बन्ने गरेको प्रश्न उठको छ,” उनले भने, “एउटै प्रकृतिका मुद्दामा कोही धरौटीमा छुट्ने, कोही थुनामैं बस्नेजस्ता गम्भीर विषय देखिएका छन् ।”

सो अवसरमा उच्च अदालत जनकपुरका न्यायाधीश किरणकुमार पोखरेल र जिल्ला अदालत काठमाडौंका न्यायाधीश डा राजेन्द्रकुमार आचार्यलाई प्रधानन्यायाधीश श्रेष्ठले सम्मान गरे । कार्यक्रममा प्रधानन्यायाधीश श्रेष्ठले न्यायपरिषद् बुलेटिनसमेत सार्वजनिक गरे ।

# जाजरकोट भूकम्पबाट पशुपछीमा दश करोडको क्षति

कर्णाली, ३ पुस/रासस

कर्णाली प्रदेश सरकारले गत कात्तिक १७ गते जाजरकोट बारेकोट गाउँपालिकाको रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको भूकम्पबाट रु १० करोडको पशुपछी क्षति भएको तथ्याङ्क प्रस्तुत गरेको छ ।



तस्वीरः रासस

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्रको सहकार्यमा मङ्गवार वीरेन्द्रनगर सुर्खेतमा आयोजित ‘विपद्पश्चात् हरित पुनर्स्थापना’ विषयक सरोकारवालासँगको छलफल कार्यक्रममा कृषि मन्त्रालयका प्रवक्ता धनबहादुर कठायतले उक्त तथ्याङ्क प्रस्तुत गरेका हुन् ।

प्रवक्ता कठायतले प्रस्तुत गरेको तथ्याङ्क अनुसार भूकम्पबाट सबैभन्दा ठूलो क्षति पशुगोठमा पुगेको छ । जहाँ एक हजार ५५३ गोठ भत्कँदा किसानको रु पाँच करोड ५० लाख क्षति भएको छ । त्यस्तै, गाई, बाख्रा, भैंसी, बङ्गुर लगायतका ५१३ पशु चौपायाको मृत्युले रु दुई करोड ५० लाखको क्षति भएको प्रवक्ता कठायतले जनाए ।

त्यस्तै, जाजरकोटका १५२ घरका एक हजार ४८ घार नष्ट हुँदा रु एक करोड १९ लाख माहुरी र महमा क्षति भएको छ जनाइएको छ । त्यसैगरी, ८८ मेट्रिक टन खाद्य नष्ट हुँदा रु ३८ लाख क्षति भएको उनले बताए । भूकम्पले १९ हजार २६२ घर पूर्ण क्षति भएको जनाइएको छ । एक सय वर्गमिटरमा पाल टाँगेर बस्दा १८२ हेक्टर जमीनको गहुँ, तोरीमा क्षति पुगेको र त्यसबाट ४८० मेट्रिक टन खाद्य उत्पादन कमी आएको तथ्याङ्कमा उल्लेख छ ।

भारतबाट कमाएर ल्याउने जनशक्ति भूकम्पकै कारण रोकिएपछि आयआर्जन समेत घट्ने देखिएको छ । त्यस्तै, उत्पादन र उत्पादकत्व घट्ने, भूकम्पका कारण गोरुमा क्षति पुग्दा खेतबारी जोत्ने समस्या हुने र तत्काल पशुमा लगानी गर्न किसानमा क्षमता नभएकाले उत्पादनमा ऱ्हास आउने बताइएको छ ।

(बाँकी पाँचौं पातामा)

# वायुसेवा निगमको आम्दानी बढ्यो

काठमाडौं, ३ पुस/रासस

नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को आम्दानी गत तीन वर्षमा दोब्बरभन्दा बढीले वृद्धि भएको छ ।




तस्वीरः फाइल

महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन अनुसार निगमको कुल आम्दानी आव २०७७/७८ मा रु नौ अर्ब १० करोड ९७ लाख ३१ हजार ८४५ रहेको थियो । आव २०७८/७९ मा रु १६ अर्ब ४६ करोड ३२ लाख ६० हजार ३३३ रहेको निगमको आम्दानी आव २०७९/८० को प्रारम्भिक कुल आम्दानी रु २२ अर्ब २४ करोड १९ लाख ७८ हजार देखिएको निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिए । निगमले गत तीन वर्षको आम्दानीमा ११४ प्रतिशतले वृद्धि गरेको पनि जनाएको छ ।

विगत आठ वर्षदेखि निगमसँग अन्तर्राष्ट्रियतर्फ चार र आन्तरिकतर्फ दुई जहाज उडानमा रहेका छन् । निगमसँग उपलब्ध भएका जहाज तथा साधन स्रोतको उचित उपयोग गरेर यो उपलब्धि हासिल गर्न सफल भएको निगमले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ । साथै हालको बजार मागअनुरूप प्रतिस्पर्धी बजारमा आम्दानी बढाउनका लागि निगमलाई पर्याप्त मात्रामा जहाजको कमी रहेकाले आवश्यक कार्ययोजनाका साथ अघि बढ्ने पनि निगमले उल्लेख गरेको छ ।

### एनसेलको शेयर खरीद ...

मन्त्रिपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, कम्पनी रजिस्ट्रारको कार्यालय, आन्तरिक राजस्व विभाग र एनसेललाई विपक्षी बनाएर रिट निवेदन सर्वोच्च अदालतमा दायर गरेका थिए ।

सात वर्षअघि रु एक खर्ब ४४ अर्बमा एनसेलको ८० प्रतिशत शेयर खरीद गरेको मलेशियाको आजियाटा कम्पनीले हालै नेपाली संस्थापक रहेको बेलायती कम्पनी स्पेक्ट्रेलाइट युकेलाई जम्मा रु छ अर्ब ५० करोडमा बिक्री गरेपछि विवाद भएको हो ।

रिट निवेदनमा कानूनी प्रक्रियालाई मिचेर मुलुकलाई हानि पुग्ने गरी अपारदर्शी ढङ्गले निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक एनसेलको शेयर खरीद–बिक्री भएको उल्लेख गरिएको थियो । यसअघि उच्च अदालत पाटनले अल्पकालीन अन्तरिम आदेश जारी गरी शेयर खरीद–बिक्री प्रक्रिया रोक्नका लागि आदेश गरेको थियो । उक्त आदशेसँगै एनसेलले शेयर बिक्री गर्न नपाउने भएको छ ।




**ढुङ्गामा बाघको आकृति** : चितवनको माडी नगरपालिका–५ स्थित सोमेश्वरगढी जाने बाटोमा ढुङ्गामा कुदिएको बाघको आकृति । मन्दिरसम्म मानिसहरूको आकर्षण बढाउन एक दर्जनभन्दा बढी ढुङ्गा कुँदेर नेपालको मौलिक संस्कृति तथा धार्मिक आस्था झल्काइएको छ । तस्वीरः रासस

## फरक समाचार

# जाडोमा उच्च रक्तचाप भएकालाई यी तीन योगासन

जाडो मौसममा स्वास्थ्यसँग सम्बन्धित धेरै समस्या बढ्ने गर्छन् । यस मौसममा खानपानमा परिवर्तन, शारीरिक क्रियाकलापमा कमी तथा मुटुमा अत्यधिक दबाबका कारण पनि उच्च रक्तचापको समस्या बढ्न सक्छ ।

उच्च रक्तचापको समस्याबाट ग्रसित व्यक्तिहरूलाई चीसो मौसममा विशेष हेरचाह चाहिन्छ । जाडोमा चीसो बढेसँगै धेरैले औषधिको मात्रा बढाउनुपर्ने हुन्छ । यो किनभने यदि रक्तचाप दैनिक उच्च रहन्छ भने, यसले मिर्गौला र शरीरका अन्य अङ्गहरूमा नराम्रो प्रभाव पार्न सक्छ । योग शिक्षक रजनीश शर्माले उच्च रक्तचापका बिरामीका लागि उपयुक्त आसन बताएका छन् ।

**वीरासन**



वीरासन योगको एउटा यस्तो आसन हो, जसलाई दिनहुँ गर्नाले शरीरलाई धेरै फाइदा पुग्छ । ध्यान राखौं कि कुनै पनि योग आसनका फाइदाहरू त्यति बेला अधिक हुन्छ, जतिबेला हाम्रो दिमाग एकाग्र हुन्छ । यो आसन गर्नाले उच्च रक्तचापका साथै तिघ्रा र घुँडाको समस्या पनि कम हुन्छ । दैनिक वीरासन गर्नाले पाचन क्रियामा सुधार हुन्छ र कब्जियत जस्ता समस्या पनि कम हुन्छ । यो आसन हरेक दिन बिहान गर्नुपर्छ, जसले गर्दा हाम्रो दिन राम्रो हुन्छ ।

**अधोमुख स्वानासन**



जाडो मौसममा दैनिक अधोमुख स्वानासनको अभ्यास गर्नाले हाम्रो स्वास्थ्य समस्यालाई कम गर्छ नै यो आसनले हाम्रो पाचनक्रियामा पनि सुधार ल्याउँछ । यो आसनको अभ्यासले शरीरमा रक्तप्रवाहमा सुधार गर्छ, जसले हाम्रो छाला र कपालमा पनि सकारात्मक प्रभाव पार्छ ।

अधोमुख स्वानासन तनाव वा अवसादबाट ग्रस्त भएकाहरूका लागि पनि लाभदायक साबित हुन्छ । यो आसनले हाम्रो स्वास्थ्य सुधार गर्न मदत गर्छ । दैनिक दिनचर्यामा यो आसनलाई समावेश गरेर हामीले आफ्नो शारीरिक स्वास्थ्य मात्र होइन, आफ्नो मानसिक र आध्यात्मिक स्वास्थ्यलाई पनि सुधार गर्न सक्छौं ।

**विपरीतकरणी आसन**




वितरीतकरणी आसनको अभ्यास गर्नाले जाडो मौसममा उच्च रक्तचापको समस्याबाट बच्न सकिन्छ । यो आसन दैनिक गर्नाले शरीरमा रक्तसञ्चार राम्रो हुन्छ र मन शान्त रहन्छ । शरीरमा रक्तसञ्चार राम्ररी हुँदा त्यसको प्रभाव हाम्रो छाला र कपालमा पनि देखिन्छ । यो आसन गर्नाले शरीरमा ऊर्जा आउँछ र मुटुसँग सम्बन्धित समस्या कम हुन्छन् । विपरीतकरणी आसन गर्नाले पाचनक्रिया राम्रो भएर पेटको समस्या पनि कम हुन्छ । यो आसन गर्नाले हामीले मानसिक स्वास्थ्यलाई पनि सन्तुलनमा कायम राख्न सक्छौं ।

यदि हामीलाई कुनै प्रकारको स्वास्थ्य समस्या छ भने पहिले चिकित्सक वा योग प्रशिक्षकसँग परामर्श लिनुपर्छ र त्यसपछि मात्र यी आसनहरूको अभ्यास गर्नुपर्छ ।

# जाडोमा दही खानुका पाँच फाइदा

बाहिर चीसो हावा चलेर तापक्रम घट्दै जाँदा हाम्रो शरीरले आराम र पोषणको चाहना राख्छ । आरामदायी स्वेटर र भापले भरिएको मग सही जवाफ जस्तो देखिन्छ । तर जाडोमा अर्को नायक हो, दही ।

प्रायः गर्मीमा सलाद र ताजा डिप्सको रूपमा दहीको प्रयोग हुन्छ भने जाडो मौसममा दही आश्चर्यजनकरूपमा शक्तिशाली खाद्य पदार्थको रूपमा जानिन्छ । हामीले दहीलाई चीसो खाद्य पदार्थको रूपमा बुझ्छौं भने, जाडोमा दही खानुका फाइदाहरू र यसको आश्चर्यजनक शक्तिशाली शीतकालीन स्वास्थ्य क्षमतालाई अँगालौं ।

**पाचन प्रणालीलाई स्वस्थ राख्छ**

दहीमा पाइने प्रोबायोटिक्सले पेटका ब्याक्टेरियाको स्वस्थ सन्तुलन कायम गरेर पाचनमा मदत गर्छ । दही जाडोमा विशेषगरी महत्त्वपूर्ण हुन्छ, जब पाचन प्रणाली सुस्त हुन पुग्छ । नियमितरूपमा दहीको सेवनले अपच र ब्लोटिङ जस्ता समस्याहरूबाट बच्न मदत गर्न सक्छ, जसबाट हाम्रो पाचन प्रणालीले सुचारुरूपमा काम गरिरहेको सुनिश्चित गर्छ ।

**छालालाई हाइड्रेटेड राख्छ**

जाडो मौसममा प्रायः छाला सुक्खा हुने र चिलाउने हुन्छ । दहीमा पाइने ल्याक्टिक एसिडले प्राकृतिक एक्सफोलिएन्टको रूपमा काम गर्छ, यसले छालाका मृत कोशिकाहरू हटाउन र छालालाई मोइश्चराइज गर्न मदत गर्छ । दहीलाई बाहिरीरूपमा प्रयोग गर्नाले वा यसलाई आफ्नो आहारमा समावेश गर्नाले हाम्रो छालालाई हाइड्रेटेड र पोषणयुक्त राखेर चम्किलो रङ्ग प्रदान गर्छ ।

**हड्डीको स्वास्थ्यमा मदत गर्छ**

जाडोमा प्रायः भिटामिन डीको स्तर घट्छ, जुन क्याल्सियम अवशोषण र हड्डीको स्वास्थ्यको लागि महत्त्वपूर्ण हुन्छ । दही क्याल्सियमको एक ठूलो स्रोत हो, जसले हाम्रो हड्डीलाई बलियो बनाउन र ओस्टियोपोरोसिसलाई रोक्न मदत गर्छ, जुन उमेर बढ्दै जाँदा देखिन्छन् ।

**रोग प्रतिरोधात्मक क्षमता बढाउँछ**

दही प्रोबायोटिक्सको समृद्ध स्रोत हो, जसलाई सामान्यतया “राम्रो ब्याक्टेरिया” भनिन्छ, जसले स्वस्थ पेटको माइक्रोबायोमलाई बढावा दिन्छ । एक बलियो पेट वनस्पति एक बलियो प्रतिरक्षा प्रणालीसँग नजीकबाट जोडिएको छ । जाडोमा नियमितरूपमा दहीको सेवनले हाम्रो शरीरलाई सङ्क्रमण र रोगहरूसँग लड्ने क्षमता प्रदान गर्छ । दहीले हामीलाई चीसो मौसमभरि स्वस्थ रहन मदत गर्छ ।

**शरीरको तापक्रम नियन्त्रण गर्छ**

दहीमा शीतलन गुण हुन्छ, जसले शरीरको तापक्रमलाई नियन्त्रण गर्न मदत गर्छ, यसै गुणले दहीलाई गर्मी र चीसो दुवै मौसममा उपयुक्त विकल्प मानिन्छ । जाडोमा, जब शरीरले न्यानो रहन धेरै गर्मी उत्पादन गर्छ, दहीको सेवनले सन्तुलन कायम गर्छ र शरीरलाई अत्यधिक तातो हुनबाट रोक्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# भारतका अधिकांश विपक्षी सांसदलाई संसद्मा रोक

नयाँदिल्ली, ३ पुस/एएफपी

विपक्षी दलका आधाभन्दा बढी सांसदलाई गत साता धूवाँको डिब्बा




छाडिएको घटनाको विरोधमा बहसको माग गरेको भन्दै भारतको संसद्को जारी अधिवेशनमा रोक लगाइएको छ।

निलम्बित १४१ सांसद आगामी वर्षको शुरूमा हुन गइरहेको आमनिर्वाचनमा लड्न गठित भारतीय राष्ट्रिय विकास समावेशी गठबन्धन (आइएनडिआइए–इन्डिया) भनिने २६ दलको विपक्षी समूहका हुन्। डिसेम्बर १३ मा एक व्यक्तिले माथिल्लो दर्शकदीर्घाबाट संसद्को तल्लो सदनको भुइँमा फाल हानेर पहेंलो धूवाँ छाडेर सांसदहरूलाई आश्चर्यचकित बनाएका थिए।

सो घटनाको भोलिपल्ट सुरक्षा उल्लङ्घनको विरोधमा १४ सांसदलाई चेम्बरबाट रोक लगाइएको थियो र सोमवार ७८ विपक्षी सांसदलाई बाँकी सत्रबाट निलम्बन गरिएको थियो। संसद् अधिवेशन शुक्रवार समाप्त हुँदैछ। शक्तिशाली गृहमन्त्री अमित शाहको राजीनामा माग गर्दै संसद्भित्र नारा लगाएपछि मङ्गलवार थप ४९ सांसदलाई प्रतिबन्ध लगाइएको छ।

निलम्बित सांसद तथा विपक्षी काङ्ग्रेस पार्टीका नेता जयराम रमेशले सामाजिक सञ्जाल एक्समा भनेका छन्, "अर्थपूर्ण बहसविना खतरनाक विधेयकहरू पारित गर्न सकियोस् भनेर विपक्षीहरूलाई सम्पूर्णरूपमा समाप्त गरिंदैछ।"

संसद्मा हमला भएको २२औं वार्षिक दिवसका दिन धूवाँ विरोध भएको थियो। २२ वर्षअघि पुरानो संसद् भवनमा पाँच बन्दुकधारीले कम्तीमा आठ सुरक्षाकर्मी र एक मालीको गोली हानी हत्या गरेका थिए।

प्रधानमन्त्री नरेन्द्र मोदीले दैनिक जागरण अखबारलाई दिएको अन्तर्वार्तामा घटनालाई 'अत्यन्त गम्भीर' भन्दै विस्तृत जाँचको आदेश दिएको तर यसबारेमा बहस गर्नुपर्ने कुनै आवश्यकता नभएको बताए। अत्यन्त लोकप्रिय प्रधानमन्त्री मोदीले आगामी वर्षको मेमा हुन गइरहेको राष्ट्रिय निर्वाचनमा तेस्रोपटकको कार्यकालका लागि उम्मेदवारी दिन खोजेका छन्।

प्रहरीले विरोध प्रदर्शनमा कारबाही गरेको, सत्तारूढ दलले व्यापारिक सहयोगीहरूबाट यथेष्ट पैसा प्राप्त गरेको र प्रेस स्वतन्त्रतामा कटौती गरेको आधारमा मोदी नेतृत्वको भारत राजनीतिक अधिकार र नागरिक स्वतन्त्रताको मामिलामा फ्रिडम हाउसको वरीयतामा तल झरेको छ। रासस

# गान्सु भूकम्पमा मृत्यु हुनेको सङ्ख्या एक सय नाघ्योः उद्धार तीव्र पार्न राष्ट्रपतिको आग्रह

बेइजिङ, ३ पुस/सिन्ह्वा

चीनको गान्सु छिङआई प्रान्तमा गएको ६.२ म्यागनेच्युडको शक्तिशाली भूकम्पमा परी कम्तीमा १२७ जनाको ज्यान गएको सरकारी सञ्चारमाध्यमहरूले जनाएका छन्।

उनीहरूका अनुसार सोमवार राति गान्सु प्रान्तको जातीय काउन्टीमा ६.२ म्याग्नेच्युडको भूकम्प गएको थियो।

भूकम्पमा परी करीब दुई सयजना घाइते भएका न्युयोर्क टाइम्सले चिनियाँ राज्य मिडियालाई उद्धृत गर्दै उल्लेख गरेको छ।

राष्ट्रपति सी जिनपिङले बेपत्ताको खोज तथा पीडितहरूको उद्धार गरी प्रभावित जनताको जीउ धनको सुरक्षा सुनिश्चित गर्न सम्बन्धित पक्षलाई विशेष निर्देशन दिएको ग्लोबल टाइम्सले उल्लेख गरेको छ। यसै क्रममा राज्य परिषद्ले भूकम्प राहत मुख्यालय तथा आपत्कालीन व्यवस्था मन्त्रालयले राष्ट्रिय भूकम्प आपत्कालीन प्रतिक्रियालाई स्तरोन्नति गरेको छ।

भूकम्पले घर, सडक तथा अन्य पूर्वाधारमा क्षति पुगेको प्रत्यक्षदर्शीले बताएका छन्। उनीहरूका अनुसार कतिपय स्थानमा विद्युत् तथा खानेपानी समेत अवरूद्ध भएको छ। प्रान्तीय अग्नि तथा उद्धार विभागले ८८ दमकल, १२ वटा कुकुर परिचालन खोज तथा उद्धार कार्यलाई तीव्रता दिएको छ। साथै एक हजारभन्दा बढी उपकरण प्रयोग गर्दै ५८० उद्धारकर्ता खटाएको छ।




गान्सुका पार्टी प्रमुख हु चाङसेङ र गान्सु गभर्नर रेन झेन्हे उद्धार र राहतको निरीक्षण गर्न विपतग्रस्त क्षेत्रमा पुगेका छन्।

अमेरिकी भौगर्भिक सर्वेक्षणका अनुसार भूकम्पको केन्द्रबिन्दु लिनक्सिया चेङगुआन्जेन, गान्सुबाट ३७ किलोमिटर र लान्झाउ, गान्सुबाट करीब १०० किलोमिटर टाढा रहेको थियो। भूकम्पको गहिराइ १० किलोमिटर रहेको बताइएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – खर्चवृद्धि | वृष – मनोरञ्जन |
| मिथुन – कर्मप्राप्ति | कर्कट – प्रगति |
| सिंह – रोगभय | कन्या – यात्रालाभ |
| तुला – कडापरिश्रम | वृश्चिक – ज्ञानोदय |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – धनलाभ | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# एनसेलको शेयर कारोबारमा रोक लगाउन निर्देशन

काठमाडौं, ३ पुस/रासस

सङ्घीय संसद्को राज्य व्यवस्था तथा सुशासन समितिले निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलले राज्यलाई तिर्नुपर्ने कर रकम असुल उपर गर्न नेपाल सरकारलाई निर्देशन दिएको छ।

समितिको मङ्गलवारको बैठकले एनसेलको शेयर खरीद–बिक्रीसम्बन्धी अध्ययन तथा छानबीन समिति–२०८० को प्रतिवेदनसमेतलाई आधार लिई राज्यलाई बुझाउनुपर्ने कर रकम एनसेलबाट असुल गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको हो।

बैठकले छानबीन समितिको प्रतिवेदन नआउन्जेलसम्म एनसेलको शेयर कारोबारमा स्वीकृति तथा सहमति नदिन ती मन्त्रालयलाई निर्देशनसमेत दिएको छ।

समितिले दूरसञ्चार ऐन र नियमावली समयसापेक्ष संशोधन गरी यथाशीघ्र ल्याउन सरकारलाई निर्देशनसमेत दिएको सभापति रामहरि खतिवडाले जानकारी दिए। बैठकले एनसेलजस्ता ठूला कम्पनी खरीद–बिक्री गर्दा खरीदकर्ताको क्षमता, कम्पनी चलाएको अनुभव सम्बन्धमा जाँच गरी कार्यान्वयन गर्न सरकारलाई निर्देशनसमेत दिएको छ।

यस्तै अहिलेसम्म एनसेलले शेयर किनबेच गरेको सम्बन्धमा नेपाल दूरसञ्चार प्राधिकरणले गरेको कामकारबाहीको सम्बन्धमा जानकारी माग गर्ने तथा विसं २०८६ मा एनसेल नेपाल सरकारको स्वामित्वमा ल्याउन पहल गर्न सरकारलाई आवश्यक नियम कानून संशोधन गर्न समितिले निर्देशन दिएको छ।



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बसेको बैठकमा एनसेल बिक्रीसम्बन्धी सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिंदै। तस्वीरः रासस

## जाजरकोट भूकम्पबाट ...

तथ्याङ्क प्रस्तुत गर्दै प्रवक्ता कठायतले प्रदेश सरकारसहित सम्बन्धित निकायले खेतीपातीको लागि गोरु वा यान्त्रीकरण, खाद्य तथा तरकारी उत्पादनका लागि बीउको व्यवस्था गर्नुपर्ने, दिगोरूपमा गोठ र खोरको स्थापना, अस्थायी घरमा त्रिपालको व्यवस्था र खेतीपातीलाई पुनरुत्थान गर्नुपर्ने कार्यक्रममा जोड दिन सुझाए।

यो भूकम्पले ल्याएको विपद्मा पनि दूरदराजका प्रभावित किसानलाई बाहिरबाट आएको सहयोगमा पहुँच नभएकाले प्रदेश सरकारले 'एक पालिका, एक गोदामघर' स्थापनाको अवधारणा ल्याउनुपर्नेमा उनले जोड दिए। दिगोरूपमा कृषि तथा पशुजन्य कार्यक्रम कसरी गर्ने भन्नेमा सरकारले योजना बनाएर अगाडि बढ्ने लक्ष्य राखेको उनको भनाइ थियो।

भूकम्प प्रभावित जिल्लाका पालिकालाई साबिकको अवस्थामा लैजान पशुपक्षी तथा खोर व्यवस्थापनमा करीब रु १० करोड, सडक, खानेपानी, सिंचाइलगायत १५० योजनाका लागि रु चार करोड ५० लाख र माहुरी उत्पादन कार्यक्रममा रु एक करोड बजेट प्रस्ताव गरिएको प्रवक्ता कठायतले बताए।

उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्वसदस्य मीनबहादुर शाहीले 'भन्या जन्ती जानु, सुन्या मलामी जानु' अर्थात् सुख र दुःखमा सहयोग गर्ने हाम्रो मौलिक संस्कार रहेको बताए। उनले भने, "यो आचरणमा हुर्केको समाजमा सुख–दुःख दुवैमा हामी सँगसँगै हुन्छौं भन्ने हो। जिल्ला नभई पालिका केन्द्रित विपद् प्रतिकार्य, खोज, उद्धार तथा राहतका गतिविधि र प्रदेश तथा स्थानीय तहले बजेट, कार्यक्रम तथा योजना बनाउनुपर्छ।"

कर्णाली प्रदेश योजना आयोगका सदस्य ऋषिकेश खनालले आयोग दोस्रो आवधिक योजना निर्माणका प्रक्रियामा रहेको बताउँदै विपद् जोखिमको समयमा तत्काल प्रतिरोध, आउने वर्षका लागि कस्ता कार्यक्रम, विपद्लाई कसरी सम्बोधन गर्ने भन्नेमा ध्यान दिन आवश्यक रहेको जनाए।

खाद्य तथा कृषि सङ्गठनका प्रतिनिधि ठाकुरप्रसाद चौहानले आफ्नो प्रस्तुति राख्दै किसानको दीर्घकालीन जीविकोपार्जन कसरी गर्न सकिन्छ भन्ने कार्यक्रम र बालीनाली उत्पादनमा सहयोग पुग्ने संरचना तयार गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा मन्त्रालयका सचिव नरहरिप्रसाद घिमिरेले आज प्राप्त सुझाव कार्यक्रममा समेट्नुका साथै प्रदेश सरकारले भूकम्प प्रभावित क्षेत्रमा विपद्पश्चात् हरित पुनर्स्थापना कार्यक्रममा जोड दिने बताए।

उक्त अन्तर्क्रियात्मक कार्यक्रममा रूकुम पश्चिम आठबिसकोट नगरपालिकाका प्रमुख रवि केसी, जाजरकोट नलगाड नगरपालिकाका प्रमुख डम्बरबहादुर रावत, सुर्खेत चौकुने गाउँपालिकाका अध्यक्ष खड्ग विश्वकर्मा र सल्यान दार्मा गाउँपालिकाका अध्यक्ष नीमबहादुर केसीले आआफ्नो पालिकाको विपद्पश्चात् देखिएका समस्या, समाधानमा भएका गतिविधि र हाल पुनर्स्थापनाका निम्ति भइरहेका कामका बारेमा भनाइ राखेका थिए।

## प्रतिष्ठानद्वारा रूपान्तरण ...

लिम्बू लोक/हस्तकलाका बारेमा गोष्ठी, हिमाली लोककला विषयक गोष्ठी तथा अन्तर्क्रिया, खाम कलाको अनुसन्धान गरिने जनाइएको छ।

आधुनिक तथा समसामयिक कलाकारका कला प्रदर्शनी, चित्रकला कार्यशाला (रसुवा), समावेशी चित्रकला प्रदर्शनी र कार्यशाला, प्रिन्टमेकिङ कार्यशाला आदि गरिने कार्ययोजनामा उल्लेख छन्।



**भजन प्रस्तुत गर्दै गायिका त्रिपाठी** : नातिकाजी स्मृति समाजले मङ्गलवार पशुपतिनाथमा सङगितमहर्शी नातिकाजीको ९९ औं जन्मजयन्तीको अवसरमा आयोजना गरेको भजन प्रस्तुत कार्यक्रममा नातिकाजीद्वारा रचिएका भजन प्रस्तुत गर्दै गायिका माण्डबी त्रिपाठी। तस्वीरः रासस

# गापा उपाध्यक्षको अगुवाइमा द्रुत सिकाइ केन्द्रहरूको अनुगमन

प्रस, पोखरिया, ३ पुस/

क्याप्टिभेटिङ इन्टरनेशनल फाउन्डेशनको सहयोग र आसमान


तस्वीरः प्रतीक

नेपालको आयोजनामा सञ्चालित बालिकालाई पछाडि नपारौं परियोजना अन्तर्गत जीराभवानी गाउँपालिकामा सञ्चालन भएको द्रुत सिकाइ केन्द्रहरूको मङ्गलवार अनुगमन गरिएको छ।

अनुगमनको क्रममा जीराभवानी गापाकी उपाध्यक्ष रेखा चौधरीले केन्द्रमा पढिरहेका किशोरीहरूलाई विद्यालय भर्ना हुन सुझाव दिइन्। उनले विद्यालय छोडेका किशोरीहरूलाई आसमान नेपालले नौ महिना पठनपाठन गराइ उनीहरूको अध्ययन सुचारु गराएकोमा प्रशंसा पनि गरिन्। उनले पुनः विद्यालय पढ्न जाने किशोरीहरूलाई पालिकाबाट आवश्यक सहयोग गरिने प्रतिबद्धता व्यक्त गरिन्। केन्द्रमा पढिरहेका किशोरीहरूले किताब पढ्न, सामान्य हिसाब गर्न, जीवनोपयोगी सीप सिक्न, चित्र बनाउन, बालविवाह गर्दा हुने बेफाइदा, बालश्रम, महिला हिंसालगायतका बारे सिकेका कुराहरू अनुगमन टोलीलाई बताएका थिए।

अनुगमन टोलीमा शिक्षा शाखा प्रमुख शिवराज फुयाँल, सन्तोष फुयाँल, वडाध्यक्षहरू रामशरण खवास, राजेश्वर दास, वडा सदस्य दशरथ दहैत, प्रमोद चौधरी, श्यामसुन्दर चौधरी, प्रधानाध्यापक खेमराज महतो, कृपासिन्धु चौधरी, आसमान नेपालका पालिका संयोजक धर्मेन्द्र चौरसिया, लेखापाल मोहमद मन्जुरलगायतको सहभागिता थियो। आसमान नेपालले उक्त पालिकामा विद्यालय छोडेका, विद्यालय नगएका १० देखि १८ वर्षका २४१ जना किशोरीलाई १० वटा केन्द्रमा राखेर पठनपाठन गराउँदै आएको छ।

## जुत्ता, प्याज बरामद

प्रस, वीरगंज, ३ पुस/

इलाका प्रहरी कार्यालय, अमलेखगंज र प्रहरी चौकी पथलैयाले करीब साढे तीन लाख मूल्य बराबरको भन्सार छलीका सामानहरू बरामद गरेको जिल्ला प्रहरी कार्यालय, बाराका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताए।

इप्रका, अमलेखगंजले हिजो जीतपुरसिमरा उपमहानगरपालिका–२१ अमलेखगंजबाट भन्सार छलीका २४३ जोर जुत्ता बरामद गरेको सूचना अधिकारी न्यौपानेले बताए। बा.१७च ७७८० नम्बरको मारुती भ्यान चेकजाँच गर्दा भन्सार छलीका जुत्ता बरामद भएको र आवश्यक कारबाहीको लागि आज वीरगंज भन्सार कार्यालय चलान गरिएको उनले बताए।

यसैगरी, जीतपुरसिमरा उपमहानगरपालिका–१ पथलैया चोकबाट प्रहरी चौकी, पथलैयाले ५५ हजार मूल्य बराबरको एक हजार किलो प्याज बरामद गरेको उनले बताए। यात्रुवाहक बस चेकजाँच गर्ने क्रममा भन्सार छलीका प्याज बरामद भएको र भन्सार चलान गरिएको उनले बताए।

## चन्द्रनगर गापाका बन्द सामुदायिक विद्यालय खुले

नितेश कर्ण, वीरगंज, ३ पुस/

चालू आवको पाँचौं महीना बितिसक्दा



तस्वीरः प्रतीक

पनि सर्लाही जिल्लाको चन्द्रनगर गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयका शिक्षक, कर्मचारीहरूले तलब पाएका छैनन्।

तलब नपाएको विरोधमा शिक्षक, कर्मचारीहरू अध्यापन बन्द गरेर विगत एक महीनादेखि आन्दोलनमा थिए। आन्दोलनरत शिक्षक–कर्मचारी र जनप्रतिनिधिबीच मङ्गलवार अविलम्ब गाउँसभा सम्पन्न गरेर बाँकी तलब उपलब्ध गराउने सहमति भएको छ। आज भएको सहमतिमा यही पुस मसान्तभित्र गाउँसभा गरेर शिक्षक, कर्मचारीका तलब, सामाजिक सुरक्षाभत्ता उपलब्ध गराउनेमा जनप्रतिनिधिहरूले सहमति दिएका हुन्। सहमति अनुसार चन्द्रनगरका बन्द सामुदायिक विद्यालयको पठनपाठन शुरु भएको चन्द्रनगर गापाका अध्यक्षको सचिवालयले जनाएको छ।

गापाध्यक्ष राजकुमार महतोले गाउँसभा सम्पन्न गरेर शिक्षक, कर्मचारीको तलबभत्ता र सामाजिक सुरक्षा भत्ता वितरण गरिनुका साथै विकास निर्माणका काम अघि बढ्ने बताए।






### किर्ते गरी पत्नीलाई ...

बनाएर निवृत्तिभरणबापतको रकम प्राप्त गरेको खुलासा भएको छ।

**शुरुमा अस्वीकार गरेको वडाले किन गर्‍यो सिफारिश**

शुरुमा नागरिकता सिफारिश गर्न नमानेको वडा कार्यालयले निर्णयसमेत गरेको अवस्थामा विकासले पत्नी सङ्गीता देवीलाई कान्छीआमा बनाएर पर्सा जिल्ला अदालतमा अंश मुद्दा दिलाएपछि पुनः मुद्दा मिलापत्र गराइ बुबाको नक्कली पत्नी गीता देवीको नाम खडा गरेको खुलेको छ। पछि नगरपालिका, नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालय, वडाध्यक्ष, वडा सचिवलाई विपक्षी बनाएर परमादेश मागदै पर्सा जिल्ला अदालतमा रिट गरेपछि अदालतले नियम अनुसार नाता कायमको सिफारिश गर्न आदेश दिएको थियो।

अदालतको आदेशमा वडाध्यक्षसहित वडा कार्यालयले उच्च अदालतमा पुनरावेदन गर्नुपर्नेमा वडाध्यक्ष किर्ते सिफारिश गर्न बाध्य भएका थिए।

वडा सचिवले नाता प्रमाणित लेख्नुपर्नेमा स्वयं वडाध्यक्षले नै कार्यालयको लेटर प्याडमा हस्ताक्षर गरी नाता प्रमाणित गरेको र सो को अभिलेखसमेत कार्यालयबाट गायब गरिएको छ। जाहेरीवाला प्रमोदले यदि एकै सङ्गीता देवी दुई पात्र हुन् भने दुवैजनालाई पर्सा जिल्ला अदालतमा हाजिर गराउन चुनौती दिएका छन्।

यसअघि जिल्ला प्रशासन कार्यालय, पर्सामा परेको किर्ते मुद्दाको अनुसन्धानको क्रममा विकासले आफ्नी साली मञ्जुदेवीलाई सङ्गीता देवी भएको भन्दै उपस्थित गराएका थिए। मञ्जुको विवाह भारत, बिहार, पूर्वी चम्पारणमा भएको र उनका पति बिहार बस्ने किशोरी यादव हो भन्ने प्रमाण पनि फेला परिसकेको छ। यद्यपि निवृत्तिभरणबापतको रकम हत्याउने छोरा विकासले आफ्ना छोरा आर्यनकुमार यादवको वडा कार्यालयबाट जन्मदर्ता बनाउँदा आर्यनकी आमा सङ्गीता देवी नै रहेको उल्लेख छ।

**अख्तियारलाई पनि विपक्षी बनाइयो**

यसै मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौंडाले गरेको अनुसन्धानप्रति चित्त नबुझेपछि जाहेरीवाला प्रमोद यादवले उच्च अदालत पाटनको हेटौंडा इजलासमा रिट दर्ता गरेका थिए।

अख्तियारले गत असार ५ गते निवेदकले पर्याप्त प्रमाण नदिएका कारण मुद्दा तामेलीमा राखेको भन्दै गरेको निर्णयप्रति जाहेरीवालाले गत असोज ७ गते उत्प्रेषण परमादेशको रिट दायर गरेका थिए। उनले प्रमाणसहित २०७९ असोज २६ गते अदुअआ, हेटौंडामा किर्ते मुद्दामा छानबीन गर्न उजुरी दर्ता गरेका थिए। तर अख्तियारले राम्ररी अनुसन्धान नगरेको भन्दै मुद्दा तामेलीमा राखेकोले उच्च अदालत गएको उनले बताए। उच्च अदालत पाटनको हेटौंडा इजलासले गत मङ्सिर ११ गते प्रारम्भिक आदेश गरेको थियो।

उच्च अदालतले स्व विनोद र कान्छी पत्नीत गीतादेवी यादवको विवाहदर्ताको सकल रजिस्टर र वडाध्यक्ष जीतेन्द्र पटेलको अध्यक्षतामा बैठक बसेको २०७४ फागुन १५ गतेको सक्कल निर्णय पुस्तिका झिकाइ पेश गर्न अख्तियारको नाममा आदेश दिएको थियो।

# खेलकूदको संसार

## मेयरकप टी-२० क्रिकेट : कालिकामाई विजयी

दिनेश मिश्र, वीरगंज, ३ पुस/

पोखरिया नगरपालिकाको सहयोगमा वडा कार्यालय–६ द्वारा आयोजना गरिएको पाँचौं मेयरकप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत मङ्गलवार भएको खेलमा कालिकामाई गाउँपालिका विजयी भएको छ।


तस्वीरः प्रतीक

पोखरियाको शेरा खेलमैदानमा आज भएको खेलमा टस जितेर सखुवाप्रसौनी गापाले कालिकामाईलाई ब्याटिङको निम्तो दिएको थियो। कालिकामाईले निर्धारित २० ओभरको खेलमा १९.१ ओभरमा सबै विकेट गुमाएर १७१ रन बनाएको थियो। प्रतिउत्तरमा १७२ रनको विजय लक्ष्यसहित मैदानमा उत्रेको सखुवाप्रसौनी गापाले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १५९ रन मात्र बनाएर पराजित भयो। आजको खेलमा ३० बलमा ५० रन र दुई विकेट लिन सफल कालिकामाई गापाका निपु पटेल 'म्यान अफ दी म्याच' घोषित भए। भोलि बुधवार पोखरिया नगरपालिका र धोबिनी गापाबीच खेल हुने बताएको छ।

## डिपिएसको सिजी कपको तयारी पूरा

प्रस, परवानीपुर, ३ पुस/

दिल्ली पब्लिक स्कूल (डिपिएस) वीरगंजले हरेक वर्ष आयोजना गर्ने सिजी एडुकेशन कप अन्तरविद्यालयस्तरीय फूटबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ।

पुस ४ देखि १३ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको विद्यालयका प्रधानाध्यापक रञ्जीव आनन्दले बताए। एक साता चल्ने प्रतियोगितामा पर्सा, बारा, मकवानपुर र चितवनका गरी १६ वटा निजी विद्यालयको सहभागिता रहेको छ।

नवौं संस्करण अन्तर्गत हुने प्रतियोगिताको उद्घाटन बुधवार हुने आयोजक डिपिएसले जनाएको छ। प्रतियोगितामा सनराइज स्कूल चितवन, सोलिडारिटी एकेडेमी हेटौंडा, बाराबाट मोर्डन स्कूल परवानीपुर, सिमराका लोटस एकेडेमी र सिमरा पब्लिक स्कूल, ब्राइटर, शुभतारा, न्यू एकता स्कूल रहेका छन् भने पर्साबाट गौतम, डिएभी, साउथ जोन, जीवनज्योति, कादम्बरी, ज्ञानदा, डिपिएस, लिटल फ्लावर स्कूल रहेका छन्। विद्यालयस्तरमा फूटबलका खेलाडी उत्पादन गर्ने उद्देश्यले आयोजना हुने प्रतियोगिताको विजेताले रु १५ हजार र उपविजेताले रु सात हजार पुरस्कारसहित शिल्ड र मेडल पाउनेछन्।

## पुरुष फूटबल : इलामले ललितपुरलाई हरायो

काठमाडौं, ३ पुस/रासस

नेपाल सुपर लिग (एनएसएल) फूटबल प्रतियोगितामा स्पोर्टिङ इलामले ललितपुर सिटी एफसीलाई पराजित गर्दै विजयी भएको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा मङ्गलवार भएको खेलमा स्पोर्टिङ इलामले ललिपुर सिटी एफसीलाई १–० ले गोलअन्तरले पराजित गर्दै विजयी भएको हो। इलामका लागि खेलको ५९औं मिनेटमा फोडे कमराले गरेको एक गोल नै निर्णायक गोल साबित भयो।

प्रतियोगितामा ललितपुरको यो पहिलो हार हो। यस हारसँगै ललितपुरले शीर्ष स्थानमा उक्लिने मौका गुमाएको छ। सात खेल खेलेको ललितपुर १० अङ्कसहित तेस्रो स्थानमा छ। यस जीतसँगै इलाम आठ खेलबाट आठ अङ्कसहित पाँचौं स्थानमा उक्लिएको छ।

## भन्सार छलीको एम्बुलेन्स र चालक पक्राउ

प्रस, वीरगंज, ३ पुस/

जिल्ला प्रहरी कार्यालय, पर्साले भन्सार छलीको भारतीय एम्बुलेन्ससहित चालकलाई पक्राउ गरेको छ।

पर्सा प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले भन्सार छलीको बीआर १ एपी ५२९१ नम्बरको भारतीय बलेरो एम्बुलेन्समा स्कोर्पियोका पार्टपुर्जाहरू जडान गरेर पर्साका ग्रामीण क्षेत्रमा सञ्चालन भइरहेको सूचनाको आधारमा सोमबार दिउँसो वीरगंज महानगरपालिका–१३ स्थित तराई अस्पतालबाट नियन्त्रणमा लिएको बताए। उनले एम्बुलेन्स चालक भारतीय नागरिक मोहमद नेजामुद्दीनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको बताए।


**धुम्रपान र मद्यपान नगरौं, स्वस्थ्य जीवन बाँचौं**

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन।
- यसले मुटु, दम, श्वासप्रवास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले त्यागने प्रण गरौं।
- यसले तपाई र तपाईको परिवारलाई असर पुर्‍याउँछ।

त्यसैले,
धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड